# सप्तरी जिल्ला अदालत

राजविराज

☎ ०३१-५२१५९९
टोल फ्री नं. १६६०३१५२००५
Email: info.dcsaptari@supremecourt.gov.np

## सूचना । सूचना ।। सूचना ।।।

मितिः २०७७/०५/२६/०६

यस अदालतको मिति २०७७/५/२२ को सूचना अनुसार मिति २०७७/५/२६ सम्मका लागि स्थगन गरिएको काम कारवाहीमा यस अघि सुचारू रहेका काम कारवाहीहरु यथावतरुपमा सुचारु गर्ने र निरन्तर देखिएको कोभिड-१९ को संक्रमण तथा स्थानीय प्रशासनको निषेधाज्ञासमेतलाई मध्यनजर गरी मिति २०७७/५/२८ गते आइतबारदेखि देहायबमोजिमका काम कारवाहीहरु थप सेवाकारुपमा सुचारु गर्ने गरी यस अदालतको मिति २०७७/५।२६ को पूर्ण बैठकबाट निर्णय भएको हुँदा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. मुद्दा फिर्ता, मिलापत्र (फैसला कार्यान्वयनतर्फ दुबै पक्ष मिलेर उपस्थित भएमा निवेदन फिर्ता र मिलापत्रसमेत), तामेली, डिसमिस फैसला र धरौटी फिर्ताका काम कारवाही गर्दै जाने ।
२. मुद्दामा प्रमाण बुझी अंग पुगीसकेका अदालतको आदेशले बाल सुधार गृहमा थुनामा रहेका बालबालिका मात्र संलग्न रहेकोमा निजको कानून बमोजिमको प्रतिनिधित्व रहेमा त्यस्तो फौजदारी मुद्दाको सुनुवाई गर्ने ।
३. प्रमाण बुझी सकेको थुनुवा मात्र भएको मुद्दामा थुनुवाको तर्फबाट कानून व्यवसायी उपस्थित भएमा ती मुद्दाको सुनुवाई र कारवाही गर्ने ।
४. मिलापत्र हुने सक्ने मुद्दामा फिरादपत्र, प्रतिउत्तर पत्रसहित मिलापत्रको दरखास्त लेखी दुबै पक्ष उपस्थित भएमा कानून बमोजिमको प्रक्रिय पूरा गरी मिलापत्रसमेत गर्ने गराई दिने ।
५. अभियोग पत्रसाथ दशीको रुपमा पेश भएका वा फैसला वा आदेशले फिर्ता दिने ठहर भएका दशीका सामान फिर्ता दिने एवं दशी र जिन्सीका सामान लिलामसम्बन्धी काम कारवाही गर्ने
६. मुद्दाको सुनुवाई भई कसूर कायम भएको र सजाय निर्धारण प्रतिवेदन प्राप्त भई सकेको वा सहजरुपमा प्राप्त हुने अवस्था भएमा कार्यबोझसमेतलाई विचार गरी सजाय निर्धारण गर्न बाँकी रहेका मुद्दामा थुनामा रहेका प्रतिवादीको सजाय निर्धारण गर्ने ।
७. जेष्ठ नागरिकको कैद छूट सम्बन्धी निवेदनको पर्ति रुसो को सुनुवाई गर्ने ।

सप्तरी जिल्ला अदालत
राजविराज

८. घरेलु हिंसा र मानाचामल वा भरण पोषण सम्बन्धी मुद्दामा अन्तरिम राहतको दावी भएकोमा पक्षहरु सुनुवाईका लागि निवेदन लिई उपस्थित भएमा सुनुवाई गर्ने र अन्तरिम संरक्षणात्मक आदेशको सम्बन्धमा सुनुवाई गर्ने।

९. फैसला अनुसार सदर स्याहा गर्नु पर्ने धरौटी सदर स्याहा वा मुद्दामा तारेख गुजारेको र मुद्दा अन्तिम भएकोमा अदालती शुल्क सदरस्याहा गर्नका लागि लेखा शाखालाई जानकारी गराउने सम्बन्धी कार्य गर्ने ।

१०. फैसला लगायत मुद्दासँग सम्बन्धित कागजातहरुको नक्कल लिन सकिने ।

११. पक्ष उपस्थित भएकै दिन बिहान १० बजेदेखि ११ बजेभित्र सूचना तथा सहायता कक्षबाट टोकन लिई बढीमा १० वटासम्म फिराद पत्र लिई दर्ता गर्ने, ९ वटा फाँटको एक थानका दरले दैनिक ९ वटासम्म प्रतिउत्तर पत्र लिई दर्ता गर्ने, बढीमा ३ वटासम्म पुनरावेदन पत्र दर्ता गर्ने साथै निषेधाज्ञाको निवेदन तथा रिट निवेदनहरु बढीमा ३ वटासम्म लिई दर्ता गर्ने ।

पुनश्चः

- कोरोना संक्रमणको जोखिमबाट सुरक्षित रहनका लागि उल्लेखित कामहरु सकेसम्म वारिसमार्फत गर्नेतर्फ सम्बद्ध कानून व्यवसायीबाट आवश्यक सहजिकरण हुने अपेक्षा गरिएको छ ।
- यसबाहेक नियमित तारेखमा रहेका र म्याद तथा हदम्याद गुज्रेका पक्षहरुको हकमा नेपाल सरकारबाट निषेधाज्ञा हटाउने निर्णय भएपछि यस अदालतबाट अलग्गै सूचना प्रकाशित गरिने व्यहोरासमेत जानकारी गराइन्छ ।
- *सेवाग्राहीमा कुनै अस्पष्टता र दुविधा भएमा टोल फ्री नं.१६६०३१५२००५ मा सम्पर्क गरी जानकारी लिन सक्नु हुनेछ ।*

..................

(कुमार मास्के)

स्रेस्तेदार (उप सचिव)